# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ८, संख्याः ७, मितिः २०८१/१०/२७


## भाग-२

## शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१

प्रस्तावनाः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७६।१०।१२ गते स्वीकृत भएको शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ तथा मिति २०७७।०२।११ गते स्वीकृत भएको सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ लाई सरल, सहज, निष्पक्ष र पारदर्शी ढंगबाट कार्यान्वयन गर्न वाञ्छनीय भएकोले शितगंगा नगरकार्यपालिकाको मिति २०८१/१०/२७ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८१" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"नगरपालिका"** भन्नाले शितगंगा नगरपालिका सम्झनु पर्छ ।

(ख) **"ऐन"** भन्नाले शिक्षा ऐन, २०२८ र शितगंगा नगरपालिकाको शिक्षा ऐन, २०७६ लाई सम्झनु पर्छ ।

(ग) "**नियमावली**" भन्नाले शिक्षा नियमावली, २०५९ र शितगंगा नगरपालिकाको शिक्षा नियमावली, २०७७ सम्झनु पर्छ ।

(घ) "**दरबन्दी**" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ र सो शब्दले महिला शिक्षा परियोजनाको शिक्षक दरबन्दी, राहत र संघीय सशर्त अनुदान समेतलाई जनाउँछ ।

(ङ) “**शिक्षा समिति**” भन्नाले शितगंगा नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको सञ्चालन र व्यवस्थापनको लागि ऐनको दफा (९) को उपदफा (२) बमोजिम गठन भएको नगर शिक्षा समिति सम्झनु पर्छ।

(च) **“विद्यालय व्यवस्थापन समिति”** भन्नाले ऐनको दफा (१२) बमोजिम विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

(छ) “**विद्यालय”** भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनु पर्छ।

(ज) **“प्राविधिक तथा व्यवसायिक शिक्षा”** भन्नाले नगरपालिकाभित्रका सामुदायिक विद्यालयले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाइको लागि अनुमति वा स्वीकृति लिई सञ्चालन गरेको शिक्षालाई सम्झनु पर्छ।

(झ) “**प्रधानाध्यापक”** भन्नाले विद्यालयको दैनिक प्रशासनिक तथा शैक्षणिक कार्य गर्न जिम्मेवारी प्राप्त शिक्षकलाई सम्झनु पर्छ।

(ञ) **“समायोजन”** भन्नाले आवश्यकता अनुसार विद्यालय अर्को विद्यालयमा गाँभ्ने, कुनै विद्यालयको कक्षा वा तह थप घट गर्ने भन्ने बुझिन्छ।

(ञ) **“ विद्यार्थी संख्या”** भन्नाले शैक्षिक सत्र २०८१ मा भर्ना भएका विद्यालय निरन्तर आउने विद्यार्थी संख्या भन्ने बुझिन्छ।

## परिच्छेद २

## विद्यालय समायोजन वा एकीकरण सम्बन्धी व्यवस्था

**३. विद्यालय समायोजन वा एकीकरण:-** भौगोलिक तथा विद्यार्थी सङ्ख्याको आधारमा सबै तहका विद्यालयलाई वा विद्यालयको कुनै तहलाई नजिकको सोभन्दा माथिल्लो वा सोही तहको विद्यालयमा समायोजन वा एकीकरण देहायको आधारमा गरीनेछ।

(क) विद्यालय आवतजावत गर्न लाग्ने समयः प्राथमिक तहको विद्यालयहरु बीचको दूरी २ किलोमटर भन्दा कम भई आधा घण्टा भन्दा कम पैदल यात्राको समय लाग्ने र निम्न-माध्यमिक, माध्यमिक विद्यालयहरु बीचको दूरी ४ किलोमटर भन्दा कम भई एक घण्टा भन्दा कम पैदल यात्राको समय लाग्ने विद्यालयहरुः-

(ख) विद्यार्थी सङ्ख्याः भौगोलिक क्षेत्र अनुसार तहगत रुपमा देहाय अनुसारको विद्यार्थी सङ्ख्या नभएका नजिकैको विद्यालयहरुः

| विद्यालयको तह | | | |
|---|---|---|---|
| कक्षा १-३ | कक्षा ४-५ | कक्षा ६-८ | कक्षा ९-१० |
| १० | १५ | २४ | २० |

(ग) विद्यालयको स्तर वृद्धिः विद्यालयको स्तर वृद्धिका लागि आवश्यक विद्यार्थी सङ्ख्या, भौतिक अवस्था र समुदायबाट पर्याप्त सहयोग प्राप्त हुन नसकि विद्यार्थी, शिक्षक तथा विद्यालयहरुबीच प्रतिस्पर्धात्मकता सिर्जना हुन नसकेका विद्यालयहरु,

(घ) माध्यमिक तहका ठूला विद्यालय सञ्चालन गर्नः भौगोलिक आधारमा नजिक रहेका माध्यमिक विद्यालयलाई आपसी सहमति अनुसार माथिल्लो तहको विद्यालयमा समायोजन गरी ठूला माध्यमिक विद्यालय सञ्चालन गर्न सकिनेछ ।

(ङ) तर कुनै विद्यालयको कुनै बिचको तहमा विद्यार्थी संङ्ख्याको अनुपात तहगत नभए पनि समायोजन गरिने छैन ।

(च) उल्लेखित बुदाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि बालविकास केन्द्रहरुलाई समायोजन गरिने छैन । तर विद्यार्थी संख्या शुन्य भएका बालविकास केन्द्रका सहजकर्ताहरुलाई नजिकैको विद्यालयमा काजमा खटाई व्यवस्थापन गरिनेछ ।

## परिच्छेद ३

## शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था

**४. शिक्षक दरबन्दी मिलानः-** शिक्षक दरबन्दी मिलान देहायको आधारमा गरीनेछ ।

(क) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा शैक्षिक सत्र २०८१ मा भर्ना भएका विद्यार्थी संख्या साथै विद्यालयको भौगोलिक अवस्था तथा आगामी वर्षहरुमा विद्यार्थी बढ्ने अवस्थालाई आधार बनाइने छ । विद्यार्थी संख्याको लागि मुख्य आधार EMIS र विद्यालय अनुगमन बाट प्राप्त भएको तथ्याङ्कलाई बनाईनेछ ।

(ख) कक्षा १ देखि कक्षा ५ सम्म सञ्चालित विद्यालयमा देहायको आधारमा शिक्षक दरबन्दी कायम गरीनेछ :-

(अ) शिक्षक विद्यार्थी अनुपात १:१५ का आधारमा बढीमा ५ वटा शिक्षक दरबन्दी कायम गरीनेछ ।

(आ) उल्लेखित बुँदा (अ) को मापदण्डभन्दा बढी शिक्षक दरबन्दीलाई पुलको दरबन्दीको रुपमा गणना गरीनेछ ।

(इ) बुदा (अ) मा जुनसुकै कुरा लेखेको भएता पनि कक्षा १ देखि ३ सम्म सञ्चालन हुने विद्यालयमा कम्तिमा १ वटा र कक्षा १ देखि ५ सम्म सञ्चालन हुने विद्यालयमा कम्तिमा ३ वटा दरबन्दी कायम गरीनेछ ।

(ग) कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालयमा देहायको आधारमा शिक्षक दरबन्दी कायम गरीनेछ :-

(अ) कक्षा १ देखि ५ सम्म विद्यार्थी संख्याको आधारमा बढीमा ५ वटा शिक्षक दरबन्दी कायम रहनेछ ।

(आ) कक्षा ६ देखि ८ सम्मको निम्न माध्यमिक तहमा विषयगत आधारमा ४ वटा दरबन्दी कायम गरीनेछ ।

(इ) उल्लेखित बुँदा (अ) र (आ) को मापदण्ड भन्दा बढी शिक्षक दरबन्दीलाई पुलको दरबन्दीको रुपमा गणना गरीनेछ ।

(घ) कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालयमा देहायको आधारमा शिक्षक दरबन्दी कायम गरीनेछ :-

(अ) कक्षा १ देखि ५ सम्म विद्यार्थी संख्याको आधारमा बढीमा ५ वटा शिक्षक दरबन्दी कायम रहनेछ ।

(आ) कक्षा ६ देखि ८ सम्मको निम्न-माध्यमिक तहमा विषयगत आधारमा ४ वटा दरबन्दी कायम गरीनेछ ।

(इ) कक्षा ९ देखि १० सम्मको माध्यमिक तहमा विषयगत आधारमा ५ वटा दरबन्दी कायम गरीनेछ ।

(ई) उल्लेखित बुँदा (अ), (आ) र (इ) को मापदण्डभन्दा बढी शिक्षक दरबन्दीलाई पुलको दरबन्दीको रुपमा गणना गरीनेछ ।

(ङ) कक्षा १ देखि १२ सम्म सञ्चालित विद्यालयमा देहायको आधारमा शिक्षक दरबन्दी कायम गरीनेछ :-

(अ) कक्षा १ देखि ५ सम्म विद्यार्थी संख्याको आधारमा बढीमा ५ वटा शिक्षक दरबन्दी कायम रहनेछ ।

(आ) कक्षा ६ देखि ८ सम्मको निम्न माध्यमिक तहमा विषयगत आधारमा ४ वटा दरबन्दी कायम गरीनेछ ।

(इ) कक्षा ९ देखि १२ सम्मको माध्यमिक तहमा विषयगत आधारमा ८ वटा दरबन्दी कायम गरीनेछ ।

(ई) उल्लेखित बुँदा (अ), (आ) र (इ) को मापदण्डभन्दा बढी शिक्षक दरबन्दीलाई पुलको दरबन्दीको रुपमा गणना गरीनेछ ।

(च) कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढी भएको रहेछ भने सबै तहको शिक्षक दरबन्दी एकमुष्ट गणना गरी नियमावली बमोजिम न्यूनतम् दरबन्दी सुनिश्चित गरी विद्यालयगत दरबन्दी मिलान गरीनेछ।

(छ) उपदफा (च) बमोजिम दरबन्दी मिलान गर्दा पुलमा रहने दरबन्दीलाई माध्यमिक विद्यालय सञ्चालन भएका विद्यालयमा विद्यार्थी संख्याका आधारमा व्यवस्थापन गरीनेछ।

(ज) स्रोत कक्षा सञ्चालित विद्यालयहरुमा १ जना प्राथमिक तहको दरबन्दी स्रोत शिक्षकको रुपमा थप गणना गरीनेछ।

(झ) उल्लेखित बुँदा (अ), (आ) र (इ) को मापदण्डभन्दा बढी हुने शिक्षक दरबन्दीलाई पुलको दरबन्दीको रुपमा गणना गरी विद्यालयमा दरबन्दी समायोजन गर्दा पनि नपुग हुने दरबन्दीमा स्वयमंसेवक शिक्षक अनुदान कोटा निर्धारण गरी शिक्षक व्यवस्थापन गरीनेछ।

(ञ) निम्न-माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा कम्तिमा एक निम्न-माध्यमिक तहको शिक्षक व्यवस्थापन गरीनेछ:-

(अ) यसरी व्यवस्थापन गर्दा सबैभन्दा बढि दरबन्दी भएका र विषयगत रुपमा दोहोरिएका विद्यालयका शिक्षकलाई नियुक्ति मितिको कनिष्ठताको आधारमा काजमा व्यवस्थापन गर्ने तर निजको दरबन्दी पुरानै विद्यालयमा कायम हुनेछ।

(आ) उल्लेखित बुँदा (अ) बमोजिम शिक्षक व्यवस्थापन गर्दा जुन विद्यालयबाट शिक्षक काजमा पठाईएको हो सो स्थानमा सकभर विषयगत रुपमा मिलाई एक पुल दरबन्दी थप गरीनेछ।

(इ) निम्न-माध्यमिक तहको नियुक्ति मितिको आधारमा वरिष्ठतम् स्थायी शिक्षक निम्न-माध्यमिक तहको प्रधानाध्यापकको रुपमा रहनेछ।

(ट) माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा कम्तिमा एक माध्यमिक तहको शिक्षक व्यवस्थापन गरीनेछ:-

(अ) यसरी व्यवस्थापन गर्दा सबैभन्दा बढि दरबन्दी भएका र विषयगत रुपमा दोहोरिएका विद्यालयका शिक्षकलाई नियुक्ति मितिको कनिष्ठताको आधारमा काजमा व्यवस्थापन गर्ने तर निजको दरबन्दी पुरानै विद्यालयमा कायम हुनेछ।

(आ) उल्लेखित बुँदा (अ) बमोजिम शिक्षक व्यवस्थापन गर्दा जुन विद्यालयबाट शिक्षक काजमा पठाईएको हो सो स्थानमा सकभर विषयगत रुपमा मिलाई एक पुल दरबन्दी थप गरीनेछ।

(इ) माध्यमिक तहको नियुक्ति मितिको आधारमा वरिष्ठतम् स्थायी शिक्षक माध्यमिक तहको प्रधानाध्यापकको रुपमा रहनेछ।

## परिच्छेद–४

## पुलमा रहने दरबन्दी सम्बन्धी व्यवस्था

**५. पुल दरबन्दी सम्बन्धी व्यवस्थाः** दफा ३ बमोजिम प्रा.वि तहमा शिक्षक विद्यार्थी अनुपात र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत आधारमा दरबन्दी वितरण गर्दा बढी हुने दरबन्दीलाई पुल दरबन्दीमा राखिनेछ।

**६. माथिल्लो तहमा गणना हुने पुल दरबन्दी:** कक्षा ६ भन्दामाथि सञ्चालित विद्यालयको प्राथमिक तहको पुल दरबन्दीलाई स्वतः सोही विद्यालयको निम्न-माध्यमिक र माध्यमिक तहमा गणना गरीनेछ।

**७. क.** कक्षा ९-१२ सञ्चालित माध्यमिक विद्यालयमा आवश्यक न्यूनतम दरबन्दी नभएमा पुल दरबन्दी थप गरी सकेसम्म दरबन्दी पुरा गरीनेछ।

**ख.** शिक्षक दरबन्दी मिलानपछि पुल दरबन्दीमा रहेको शिक्षकलाई सोही विद्यालयको समान शुद्द रिक्त दरबन्दी खालि भएमा खालि दरबन्दीमा नगरपालिकाले पदस्थापन गर्नेछ र पुल दरबन्दीलाई रिक्त दरबन्दीको रुपमा गणना गरीनेछ ।

## परिच्छेद–५

## शिक्षक व्यवस्थापन

८. **शिक्षक व्यवस्थापनका आधारहरु** : दफा ४ बमोजिम पुलमा रहेको दरबन्दी सम्बन्धित निकायले पुनर्वितरण गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण र पदस्थापना गर्नु पर्नेछ :–

(क) पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्दा सम्भव भएसम्म रिक्त रहेको राहत अनुदानलाई स्थानान्तरण गर्ने,

(ख) रिक्त राहत अनुदान स्थानान्तरण गर्दा पनि पुल दरबन्दी बाँकी भएमा रिक्त दरबन्दीलाई स्थानान्तरण गर्ने,

(ग) पुल दरबन्दी पुनर्वितरण गरेको वा गरिने र रिक्त दरबन्दी रहेको विद्यालयमा स्वैच्छिक रुपमा जान चाहने शिक्षकको लागि नगर कार्यपालिकाको कार्यालयले सात दिनको म्याद राखी सूचना प्रकाशन गरी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन माग गर्ने, प्राप्त निवेदन छानबिन गरी उपयुक्तता समेत हेरी स्थानान्तरण गर्ने, तर यसरी शिक्षकको स्थानान्तरण गर्दा अपाङ्ग, सुत्केरी तथा महिला शिक्षकलाई प्राथमिकता दिईनेछ ।

(घ) खण्ड (ग) बमोजिम निवेदन दिने शिक्षकको संख्या धैरै हुन आएमा अपाङ्ग, सुत्केरी तथा महिला शिक्षकलाई प्राथमिकता दिई बाँकी दरबन्दीको हकमा शिक्षकको नियुक्ति मितिको जेष्ठताको आधारमा स्थानान्तरण गर्ने, नियुक्ति मितिको जेष्ठता समान भएमा शैक्षिक योग्यतालाई आधार मानि स्थानान्तरण गर्ने,

(ङ) करारमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई प्रा.वि. तहमा कनिष्ठताको आधारमा र नि.मा.वि तथा मा.वि. तहमा दोहोरिएका विषयको कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने,

(च) राहत अनुदानमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई प्रा.वि. तहमा कनिष्ठताको आधारमा र नि.मा.वि तथा मा.वि. तहमा दोहोरिएका विषयको कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने,

(छ) स्थायी शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई प्रा.वि. तहमा कनिष्ठताको आधारमा र नि.मा.वि तथा मा.वि. तहमा दोहोरिएका विषयको कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने,

(ज) नि.मा.वि र मा.वि मा शिक्षक स्थानान्तरण गर्दा सम्भव भएसम्म उपल्लो शैक्षिक योग्यता भएका शिक्षकहरुलाई गरीनेछ ।

## परिच्छेद–६

## विविध

**९. शिक्षक स्थानान्तरण भएको स्थानमा जानुपर्ने**: यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानूनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकहरुलाई रमाना दिनुपर्ने दायित्व भएको सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैन ।

**१०. विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेः** दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ ।

**११. प्रधानाध्यापक जिम्मेवार हुनेः** यस कार्यविधि बमोजिम दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भई आएका शिक्षकलाई हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ।

**१२. आवधिक दरबन्दी मिलान सम्बन्धी व्यवस्थाः**

(क) जनसांख्यिक संरचना परिवर्तन भएको कारण स्वीकृत मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात थपघट हुन गई दरबन्दी मिलान तथा पुनर्वितरण गर्न आवश्यक देखिएमा यस कार्यविधि अनुसार दरबन्दी मिलान तथा पुनर्वितरण गर्नुपर्नेछ।

(ख) उपदफा (क) बमोजिम दरबन्दी मिलान तथा पुनर्वितरण गर्दा शैक्षिक सत्र सुरु हुनुभन्दा अगावै दरबन्दी मिलान तथा पुनर्वितरण सम्पन्न गरि नयाँ शैक्षिक सत्र सुरु हुदाँको बखत शिक्षक स्थानान्तरण भएको विद्यालयमा हाजिर हुने वातावरण समेत मिलाउनु पर्नेछ। तर यो कार्यविधि जारी हुँदाको बखत पहिलो पटकका लागि दरबन्दी मिलान गर्दा यो उपदफा बाधक हुने छैन।

**१३. समन्वय तथा सहयोग गर्नु पर्नेः** जनप्रतिनिधिहरु, स्थानीय राजनीतिक दलहरु तथा स्थानीय शिक्षकको पेशागत संघ संगठनहरुले शिक्षक दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनका लागि स्थानीय तहले गरेका कार्यहरुमा आवश्यक समन्वय तथा  सहयोग गर्नुपर्नेछ।

**१४. विद्यालय कर्मचारी व्यवस्थापन सम्बन्धमा: (**क) कुनै विद्यालयमा विद्यार्थी संख्या कम भई नजिकैको अर्को विद्यालयमा समायोजन भएमा त्यस विद्यालयमा कार्यरत विद्यालय कर्मचारीलाई नजिकैको निम्नमाध्यमिक वा माध्यमिक विद्यालयमा काजमा खटाईनेछ।

(ख) उल्लेखित बुदा **(**क) मा जुन सुकै कुरा लेखेता पनि कार्यरत विद्यालय र नजिकैको निम्नमाध्यमिक वा माध्यमिक विद्यालय विचको दुरी ७ किलोमिटर भन्दा बढि भई दैनिक रुपमा आवत जावत गर्न नसक्ने अवस्था भएमा निज कर्मचारीलाई कार्यरत रहेको विद्यालयमै व्यवस्थापन गरिनेछ। यदि कुनै कारणबाट त्यस्तो दरबन्दी रिक्त भएमा सो दरबन्दी स्वत: खारेज हुने छ।

**१५. बाधा अड्काउ फुकाउने:**

यो कार्यविधि कार्यन्वयनको सन्दर्भमा कुनै बाधा अड्काउ परेमा फुकुवा गर्नको लागि नगर शिक्षा समितिको परामर्शमा नगर कार्यपालिकाको बैठकले आवश्यक निर्णय गर्न सक्नेछ।

**१६. खारेजी:** यो कार्यविधि लागू भई सकेपछि यस भन्दा अगाडिका दरबन्दी मिलान सम्बन्धी कार्यविधिहरु स्वत: खारेज हुनेछन्।

## अनुसूची-१

**<u>सरुवा निवेदनको ढाचा</u>** (दफा ८(ग) सँग सम्बन्धीत)

मिति:-.........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

शितगंगा नगरकार्यपालिकाको कार्यालय, ठाडा, अर्घाखाँची।

विषय:- सरुवा सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ........................................... को सरुवा निवेदन सम्बन्धी सूचना अनुसार दरबन्दी मिलानको शिलशिलामा मलाई तपसिल बमोजिमका विद्यालयहरुमध्ये प्राथमिकताको आधारमा सरुवा गरिदिनुहुन अनुरोध गर्दछु। मेरो आवश्यक विवरण देहायअनुसार रहेको व्यहोरा पनि अनुरोध छ।

<u>तपसिल</u>

स्थायी, अस्थायी वा राहत:-

सुरु नियुक्ति मिति:-

हाल कार्यरत विद्यालयको नाम र ठेगाना:-

शैक्षिक योग्यता:-

मूल विषय:-

सरुवा भई जान चाहेका विद्यालयहरु (प्राथमिकता कायम गरी बढिमा ३ वटा):-

१. ........................................................................
२. .......................................................................
३. ........................................................................

<u>निवेदक</u>

हस्ताक्षर:

नाम/थर:

प्रमाणिकरण मिति: २०८१।१०।२७

आज्ञाले

मदन बहादुर जि.सी.

प्रमुख प्रशासकीय अधिकृत